Journal of Bhuwanishankar (JoBS)
A Peer Reviewed Research Journal
ISSN: 2961-1938 (Print), 2961-1946 (Online)

# *ऋतुविचार* खण्डकाव्यमा वेदान्त विचार

**नारायण गड्तौला***
ngadtaula26@gmail.com

Received: 17 July, 2024 Accepted: 15 September, 2024

**लेखसार**

*लेखनाथ पौड्यालद्वारा लेखिएको ऋतुविचार मूलतः प्रकृतिचक्रमा देखिने विभिन्न प्राकृतिक छटाहरूको सौन्दर्य वर्णनमा केन्द्रित छ । यसमा वर्षचक्रमा देखिने छ ऋतुहरूको स्वरूप, गुण, प्रभाव आदिको वर्णन गर्ने क्रममा मानव संस्कृति, सभ्यता, ज्ञानविज्ञान आदिको अप्रस्तुत विधानका सन्दर्भमा नै वेदान्तदर्शनका विभिन्न पक्ष पनि व्यक्त भएको पाइन्छ । वेदान्तदर्शन पूर्वीय षड्दर्शनमध्ये एक मानिन्छ र यसले मानवजीवनका बहुविध आयामलाई समेट्दै चेतन तत्त्वमा विशेष जोड दिएको देखिन्छ । यसका वर्ण्य विषयमा चराचर जगत् र यसको नियन्तारूप ब्रह्म तत्त्व, जीवरूप प्राणीका जन्म, मृत्यु एवं मोक्ष आदि पर्दछन् । लेखनाथले ऋतुविचार काव्यमा वेदान्तदर्शनले स्थापित गरेका मान्यतालाई अप्रस्तुत रूपमा प्रकट गरे पनि त्यसबाट उनको समाजलाई हेर्ने दृष्टि स्पष्ट भएको छ । जीवको चित्‌रूप ज्ञानस्वरूप भएको तर अविद्याका कारण भवचक्रमा ऋतुचक्र झैँ निरन्तर घुमिरहेको विचार व्यक्त गर्दै एक दिन विद्याद्वारा आफ्नै ब्रह्मस्वरूपको पहिचान गरी मानव भवबन्धनबाट मोक्षको मार्ग पहिल्याउन सक्ने विचार प्रकट भएको छ । मायाद्वारा आवृत स्वस्वरूपको विरोधी बन्धनलाई विनाश गर्ने सामर्थ्य मनुष्यमा रहेको वैचारिकता पनि यहाँ प्रकट भएको छ । ऋतुविचार काव्यका वेदान्तविचारसँग सम्बन्धित सतचालिस पद्यलाई सोद्देश्य नमुनाका रूपमा छनोट गरिएको छ । तिनमा पनि केही महत्त्वपूर्ण पद्यलाई पाठात्मक विधि अवलम्बन गरी व्याख्या, विश्लेषण गर्दै ऋतुविचार काव्यमा पाइने वेदान्त दर्शनको परीक्षण गरिएको छ ।*

**शब्दकुञ्जी**: अविद्या, जीव, बन्धन ब्रह्म, माया, मोक्ष, विद्या ।

## विषयपरिचय

लेखनाथ पौड्याल (१९४१-२०२२) नेपाली कविताको परम्परामा आधुनिक युगसन्धिका कवि मानिन्छन् । वीरधारा, भक्तिधारा हुँदै शृङ्गारधारामा प्रवाहित भइरहेको नेपाली कवितालाई समाज सुधारको चेतनातर्फ अभिमुख गर्दै पूर्वीय दार्शनिक चिन्तनका आधारमा विचार तथा भावको उदात्तीकरण गरेर परिष्कार गर्नु पौड्यालको अवदान मानिन्छ । माध्यमिककालीन शृङ्गारधारालाई परिवर्तित समाजको अनुरूप नवीन धारामा परिवर्तन गर्न र धार्मिक, सांस्कृतिक दृष्टिले पुनर्जागृत हुन खोजेको नेपाली समाजमा जागरण ल्याउन लेखनाथ पौड्यालले विशेष भूमिका खेलेका छन् । वि.सं. १९७३ मा प्रकाशित *ऋतुविचार* र परिवर्तित, परिमार्जित *ऋतुविचार* (वि.सं. १९९२) समाजलाई जागरणतर्फ अभिप्रेरित गर्ने पहिलो खण्डकाव्यका रूपमा देखिन्छ जसका माध्यमबाट पौड्यालले प्रकृति, मानव र ईश्वरको त्रैविध्य प्रवाहमा जीवन धारा सतत प्रवाहित भएको दार्शनिक विचार प्रस्तुत गरेका छन् । प्रकृतिलाई आलम्बन बनाएर लेखिएको यस खण्डकाव्यमा प्रकृति मानव, प्राणी, राष्ट्र, इतिहास, धर्म, संस्कृति, मनोविज्ञान, पुराण, नीति, अध्यात्म, भोग, योग जस्ता बहुविध पक्षका साथै यिनलाई चेतनाको ज्योति वा ऊर्जा प्रदान गर्ने ब्रह्म स्वरूपको सुन्दर एवं समन्वयात्मक निरूपण भएको छ । यसका निम्ति कवि लेखनाथ वेदान्त दर्शनबाट अनुगृहीत भएका

---

* *नारायण गड्तौला, त्रिवि, नेपाली केन्द्रीय विभागमा प्राध्यापक हुनुहुन्छ ।*

देखिन्छन् । वेदान्त दर्शन समाजलाई सामञ्जस्यपूर्ण सभ्यतातर्फ अभिमुख गर्ने भारतीय उपमहाद्वीपमा विकसित महत्त्वपूर्ण ज्ञानधारा हो । कर्म, उपासना र ज्ञानको समन्वय खोज्ने वेदान्त दर्शनले व्यष्टि जीवनका आकाङ्क्षादेखि समष्टिरूप ब्रह्मचेतमा व्यष्टिलाई जोड्दै चेतनाको ऊर्ध्व एवं क्षितिजीय गतिलाई व्यापकता प्रदान गर्ने कार्य गरेको छ। यहाँ वेदान्त दर्शनले स्थापित गरेका ब्रह्म, जीव, जीवको कर्म, प्रकृति, ज्ञान, मोक्ष आदि चिन्तनका पृष्ठभूमिमा ऋतुविचार खण्डकाव्यको वैचारिक पक्षको विश्लेषण गरिएको छ। यसका निम्ति *ऋतुविचार* खण्डकाव्यको मुख्य वैचारिक स्रोतका रूपमा वेदान्त दर्शनका कुन कुन पक्षको प्रभाव रहेको छ भन्ने जिज्ञासा नै समस्याका रूपमा रहेको छ भने त्यसको पहिचान गरी विवेच्य कृतिको वैचारिक पक्षको विश्लेषण गर्नु मुख्य उद्देश्य रहेको छ । यसका निम्ति प्राथमिक सामग्रीका रूपमा *ऋतुविचार* खण्डकाव्यलाई चयन गरिएको छ भने द्वितीयक सामग्रीका रूपमा वेदान्तदर्शनका कृति र *ऋतुविचार*सम्बन्धी पूर्वाध्ययनलाई लिइएको छ । उद्देश्यपरिपूर्तिका निम्ति वसन्तऋतुका नौ पद्य, ग्रीष्मऋतुका दशपद्य, वर्षाऋतुका नौ पद्य, शरद्ऋतुका सात पद्य, हेमन्तऋतुका सात पद्य र शिशिरऋतुका पाँच पद्य गरी जम्मा सतचालिस पद्यमा वेदान्तदर्शनको सघन प्रभाव देखिएको हुँदा तिनलाई नै नमुनाका रूपमा छनोट गरिएको छ । ऋतुविचारमा व्यक्त वेदान्तसम्बन्धी चिन्तनको विश्लेषण गर्न व्याख्यात्मक विधिअन्तर्गत विषयविश्लेषणविधि अवलम्बन गरी सोद्देश्य नमुना छनोटद्वारा चयन गरिएका उदाहरणहरूमा व्यक्त वेदान्तसम्बन्धी विषयलाई गहन पठन गरेर निष्कर्षमा पुगिएको छ।

## अध्ययनविधि

ऋतुविचार काव्यमा व्यक्त वेदान्तविचारलाई विश्लेषण गर्नका निम्ति व्याख्यात्मक विधि अवलम्बन गरी विषयवस्तुको विश्लेषण गरिएको छ। ऋतुविचार काव्य मूलतः प्रकृतिविषयक भएकाले यसमा प्रसङ्गवश आएका अप्रस्तुतरूप वेदान्तदर्शनका मान्यतालाई  सोद्देश्य नमुना छनोट विधिद्वारा छानिएका पद्यहरूमा व्यक्त विषयको विश्लेषण गरिएको छ। वेदान्तसँग सहसम्बद्ध भएका उपमान-उपमेय, आरोप-आरोप्य, उत्प्रेक्षा-उत्प्रेक्ष्य, गम्य-गमक, वाच्य-वाचक, व्यङ्ग्य-व्यञ्जक, प्रस्तुत-अप्रस्तुत, बिम्ब-प्रतिबिम्ब आदि कलात्मक युक्तिमा आएका वेदान्तका मान्यतालाई गहन पठन गरी विश्लेषण गरिएको छ।

## वेदान्तदर्शनको सैद्धान्तक आधार

वेदान्तदर्शन वेद, ब्राह्मण, आरण्यक, उपनिषद्, गीता, ब्रह्मसूत्र र तिनका विभिन्न टीका एवं भाष्यग्रन्थमा विकसित दर्शन हो । यिनमा मूल तत्त्वको खोजी गरेर तत्त्वत्रयको निरुपण भएको छ। यिनमा पनि ब्रह्म तत्त्व नै अद्वैत तत्त्व हो भन्ने निष्कर्ष पाइन्छ तथापि यस किसिमको अद्वैततामा विशुद्ध अद्वैत, चिदचिद् विशिष्ट अद्वैत, द्वैताद्वैत, शुद्ध अद्वैत जस्ता अनेक विमर्श भएका छन् । यी तत्त्वको स्वरूप, तिनको प्राप्तिको उपायज्ञान, त्यसको बाधक तत्त्व जस्ता विषयलाई वेदान्तदर्शनका व्याख्याताहरूले केही भिन्नताका साथ व्याख्या गरेका छन् । यस्ता व्याख्याता आचार्यहरूमा शङ्कर, रामानुज, मध्व, निम्बार्क, वल्लभ आदि छन्। यी व्याख्याताका भाष्यात्मक कृति पनि आज दुर्बोध्य भएकाले तिनको पुनर्व्याख्या गर्ने आवश्यकता भएको हुँदा आधुनिक चिन्तक तथा सर्जकहरूले समयानुकूल व्याख्या गरेको पाइन्छ। यस्ता व्याख्याताहरूमा विवेकानन्द, अरविन्द, जे कृष्णमूर्ति, ओशो, बालकृष्ण सम, लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा आदि पर्दछन् । पछिल्ला कविहरूले वेदान्तका विचारलाई व्यक्तिदेखि समाज हुँदै देश तथा विश्वमानव समुदायको हितमा उपयोग गरेको देखिन्छ। लेखनाथ पौड्यालले काव्यमार्फत आध्यात्मिक पुनर्जागरणका साथ वेदान्तदर्शनका मूलभूत स्थापनालाई पनि सन्दर्भानुकूल उपयोग गरेका छन्। सम्पूर्ण चेतनअचेतन जगत् एउटै विराट् ब्रह्मबाट उत्पन्न हुन्छ र अन्त्यमा उसैमा समाहित हुन्छ भन्ने वेदान्तीय विचारलाई समाजको

उत्थान, विकास र आपसी सद्भावका निम्ति उपयोग गर्दै चराचर जगत्मा समदृष्टिको विकास गर्नुपर्ने पुनर्व्याख्यात्मक दृष्टिकोण लेखनाथका काव्यमा पाइन्छ । यहाँ वेदान्तदर्शनका मुख्य विषयको अवधारणा उपस्थापन गर्दै विवेच्य काव्यमा तिनको सान्वेषण व्याख्या गरिएको छ ।

## परिणाम र विमर्श

वेदान्तदर्शनले स्थापित गरेका मुख्य तत्त्व अचित्, चित् र ईश्वरलाई र तिनका भेदोपभेदलाई आधार मानेर ऋतुविचार काव्यको विश्लेषण गरिएको छ ।

### अचित्, चित् र ईश्वरतत्त्व

वेदान्त दर्शनले मूलतः अचित्, चित् र ईश्वर तीन तत्त्व स्विकारेको छ । समग्र जडजङ्गमरूप ब्रह्माण्डमा चेतनतत्त्वका रूपमा सुरमुनिदेखि कीटपतङ्ग एवं स्थावर वनस्पतिसम्मका जीवलाई समेटिएको छ । यसैगरी अचित् तत्त्वका रूपमा चेतन इतर जडवस्तु अर्थात् पञ्चमहाभूतबाट निर्मित वस्तुजगत्लाई समेटिएको छ । चित् र अचित्को नियामक तत्त्वका रूपमा ब्रह्म वा ईश्वर तत्त्व मानिएको छ । ईश्वरलाई ब्रह्म, भगवान्, परमात्मा आदि अनेक नामले चिन्न सकिने कुरा भागवत (१/२/११) मा उल्लेख छ । उपनिषद्हरू ईश्वरलाई ब्रह्म शब्दद्वारा व्याख्या गर्दछन् । "सर्वं खल्विदं ब्रह्म" अर्थात् यो सारा जगत् नै ब्रह्म हो । उपनिषद्को यस भनाइमा दृश्य जगत्को परं नियन्ता ब्रह्म भएकाले यो सबै ब्रह्म नै हो । यसैलाई मुण्डकोपनिषद्ले रूपकात्मक शैलीमा प्रस्तुत गरेको छ । जस्तो :

> अग्निर्मूर्धा चक्षुषी चन्द्रसूर्यौ दिशः श्रोत्रे वाग्विवृताश्च वेदाः ।
> वायुः प्राणो हृदयं विश्वमस्य पद्भ्यां पृथिवी ह्येषः सर्वभूतान्तरात्मा
> (मुण्डक, द्वि.मु., १/४)

जसको अग्नि शिर हो, चन्द्रसूर्य आँखा हुन्, दिशा कान हुन्, वेदहरू वाणी हुन्, वायु प्राण हो, विश्व हृदय, पृथिवी पाउ हो, यस्तो ब्रह्म सबै प्राणीहरूको अन्तरात्मा हो । यसले ब्रह्मको सत् पक्षको वर्णन गरेको छ । ब्रह्मका सत् र चित् दुवै आयाममा सम्पूर्ण दृश्य जगत् सत् रूप हो, यही यथार्थ सत्ता हो । यसलाई प्रकृति तत्त्व, जडतत्त्व, माया तत्त्व, अविद्या, अध्यास जस्ता नामबाट पनि चिनाउने प्रयास गरिएको छ । "मायां तु प्रकृति' विद्यात् मायिनं तु महेश्वरम्" (श्वेताश्वतरोपनिषद्, ४/१०) माया प्रकृति हो भने मायी महेश्वर हो । यसलाई साङ्ख्य दर्शनले प्रकृति मानेको छ । यही प्रकृतिबाट नै स्थूल दृश्यप्रपञ्च र सूक्ष्म शरीरसमेत विस्तार हुने कुरा साङ्ख्यले वर्णन गरेको छ । जस्तो : "सत्वरजस्तमसां साम्यावस्था प्रकृतिः प्रकृतेर्महान्..." (साङ्ख्यसूत्र, १/६१) सत्व, रज र तम गुणको साम्य अवस्थाको नाम नै प्रकृति हो र यसैबाट महत्, अहङ्कार, मन, पञ्चतन्मात्रा, इन्द्रिय आदि उत्पन्न हुन्छन् । यस स्थूल तथा सूक्ष्म प्रकृतिबाट चित् तत्त्व भिन्न भएको कुरा साङ्ख्य, वेदान्त आदि दर्शनले स्विकारेका छन् । चित् तत्त्व ब्रह्मको चेतन अंश हो । शङ्कराचार्य जडरूप जगत्लाई ब्रह्मको विवर्त वा अध्यास ठानेर पारमार्थिक सत्यका रूपमा एकमात्र ब्रह्म (ब्रह्मसत्यं जगन्मिथ्या जीवो ब्रह्मैव नापरः) लाई स्विकार्दछन् । रामानुज ईश्वरको चिदचित्विशिष्ट रूप स्विकार्दै प्रपञ्चरूप जगत्लाई ब्रह्मको सत्रूप ठान्दछन् (श्रीनिवासाचार्य, २०३३ : पृ, २) । आंशिक मतभिन्नता भए पनि जगत् नानारूप, नानानाम, नानारङ, अनेक गुणले युक्त भएको र यसको सारमा एकरूप, एकरस, अनन्त ज्योतितत्त्व भएको विचार सबै वेदान्तीहरूको रहेको छ । यस प्रकारको विचारलाई मन्थन गर्दा जडजङ्गमात्मक विश्व नै एक प्रकारले चेतनकै उभयात्मक स्वरूप हो । वेदान्तीहरू परं चैतन्यमा नै विश्वास गर्दछन् र जीव, जगत् र यिनको नियामक तत्त्व ब्रह्म वा ईश्वर एउटै अद्वय तत्त्व भएको निष्कर्ष निकाल्दछन् । यहाँ वेदान्तका यिनै चिदचिद् रूप तत्त्वका आधारलाई नै सैद्धान्तिक प्रतिमान बनाई अचित्रूप प्रकृति, जीव, ब्रह्म, विद्या, अविद्या, अध्यास आदिका आधारमा ऋतुविचार काव्यको विश्लेषण गरिएको छ ।

**ऋतुविचारमा अचित्रूप प्रकृति**

*ऋतुविचार*को प्रकृति वेदान्त दर्शनले निरूपण गरेको प्रकृतिदर्शनबाट नै प्रेरित देखिन्छ। यद्यपि वेदान्तमा अचित्, माया, अध्यास, जस्ता शब्दले पनि प्रकृतिलाई बुझाएको पाइन्छ। जस्तो :

सारा वन बगैँचामा सजाएको छ आसन
ऋतुराज उतैबाट गर्छ त्यो शुभशासन
दिव्य आनन्दको रङ्ग दिव्य कान्ति तरङ्ग छ
दिव्य उन्नतिको ढङ्ग दिव्य सारा प्रसङ्ग छ
त्यो दिव्य रङ्ग पाएका लता वृक्ष वनस्पति
देखिन्छन् योग्य नेताका रैती झैँ उन्नताकृति
सानातिना सबैमाथि फैलिएको छ गौरव
योग्यको आड पाएको बिग्रला को कहाँ कब

(वसन्तविचार, १२-१५)

यहाँ प्रकृतिलाई बगैँचाका रूपमा लिएर नानाविध रूपाकृतिस्वरूप बगैँचामा दिव्य शासन गर्ने एउटै तत्त्व भएको विचार व्यक्त गर्दै कवि पौड्याल पहिलो पद्यमा प्रकृति ब्रह्मको दिव्य छटा भएको स्विकार्दछन्। सम्पूर्ण प्राकृतिक पर्यावरणको मालिक (राजा) ले नै आफ्ना अंशरूप प्राकृतिक छटाहरूमा आसन जमाएको प्रस्तुत सन्दर्भबाट ब्रह्मले नै सबै चराचरमा अन्तर्यामीरूप विभुता प्रदान गरेको अप्रस्तुत वेदान्तीय विचार यहाँ व्यञ्जित भएको छ। दोस्रो पद्यमा प्रकृतिका सबै पक्षमा दिव्यत्वको सन्धान गर्ने लेखनाथीय विचार वेदान्तकै ब्रह्मपरिणामी चिन्तनबाट उत्प्रेरित देखिन्छ। सबै प्राणीमा एउटै तत्त्व व्याप्त भएको ठान्ने वेदान्तीय चिरन्तन चिन्तनलाई आत्मसात् गर्दै प्रकृतिका हरेक दृश्यमा दिव्यत्व रहेको विचार यहाँ देखाइएको छ। योग्य नेताको नेतृत्वमा रहेका रैती वा प्रजाको बिम्बबाट प्रकृतिको स्वामी ब्रह्मको अंशले प्रकृति गौरवमय बनेको वेदान्तीय विचार यहाँ बिम्बप्रतिबिम्बात्मक रूपमा प्रकट भएको छ। आचार्य रामानुजले प्रकृतिरूप जगत्लाई ईश्वरको लीलाविभूति स्विकारेको देखिन्छ। शेषशेषी सम्बन्धका आधारमा ईश्वर सम्पूर्ण जीव र जगत्को शेषी हो भने तदितर वस्तु शेष हो त्यसैले शेषीको दिव्यत्वको अंश यस प्रकृतिमा पनि रहेको विशिष्टाद्वैतरूप वेदान्त चिन्तन यहाँ परिलक्षित भएको छ।

**भ्रम वा अध्यासरूप प्रकृति**

वेदान्त दर्शनले ब्रह्माण्ड वा यस स्थूलसूक्ष्मरूप उभयात्मक प्रकृतिलाई माया, भ्रम, अध्यास आदि रूपमा पनि लिइएको छ। संसार ऐहलौकिक रूप हो जुन क्षणिक, परिणामी वा दुःखात्मक छ। यो भ्रमात्मक जगत् एउटा मृगतृष्णा हो। यहाँ देखिने सुख भनेको आभासमात्र हो भन्ने वेदान्तीय विचारलाई पौड्यालले प्रकृतिका विभिन्न छटाको वर्णनका माध्यमबाट व्यञ्जित गरेका छन्, जस्तो :

देखिन्छ उनमा तातो बलौटे अब केवल
विरसी मूर्खको क्रूर चित्त झैँ धर्मसङ्कुल
बालुवा टेकनासाथ पैतालाकन पोल्दछ
पादप्रहारको मानू जवाफै स्पष्ट बोल्दछ
टाढा टिलपिलाएको जलजस्तै मनोहर
मसिना बालुवामाथि झल्कन्छन् सूर्यका कर

विशाल मृगतृष्णा त्यो झल्कँदा दूर चम्चम
देखिने व्यक्तिमा पर्छ बडो आश्चर्यको भ्रम
कुनै त्यो मृगतृष्णामा चाँदीको भाव धर्दछ
पानीका भानले कोही दौडँदै अगि सर्दछ

(ग्रीष्मविचार, १८-२२)

यी उद्धृतांशमा संसारलाई बालुवा र मृगतृष्णाका माध्यमबाट अध्यास भएको विचार व्यक्त भएको छ। जसरी उष्ण बालुवामा हिँड्न सकिँदैन वा बालुवा निस्सार हुन्छ त्यस्तै संसार यात्राका निम्ति कठोर र सारहीन भएको कुरा यहाँ प्रकट भएको छ। संसारमा देखिने सुख केवल मृगतृष्णामात्र भएको र क्षितिजमा टल्किने बालुवामा पानीको भ्रम र सिपी (शङ्खे किराको खोल) मा चाँदीको भ्रम भए जस्तै जीवनमा यदाकदा लाग्ने सुख पनि त्यस्तै हो भन्ने विचार यहाँ व्यक्त भएको छ । पानीजस्तो शीतल र चाँदीजस्तो शुभ्रपन कतै छैन भन्ने निस्सारतावादी चिन्तन प्रकट भएको छ। यस प्रकारको मृगतृष्णामा दौडिनु मूर्खता हो, त्यसैले ज्ञानवान् वा विद्यावान् व्यक्तिले यस प्राकृतिक सौन्दर्य र नानारूपमा अल्झिनु हुँदैन भन्ने कुरा ऋतुविचारमा यत्रतत्र प्रकट भएको छ। प्रकृति एउटा छल प्रपञ्च हो भन्ने विवर्तवादी अद्वैत वेदान्त दर्शनका वैचारिकतामा नै यहाँ मृगमरीचिरूप प्रकृतिको चित्रण भएको छ। मनुष्यले यस भ्रमात्मक प्रकृतिजगत्लाई र आफ्नो स्वरूपलाई बुझ्न नसक्ता नै सुखदुःखरूप संसार प्रतिभासित भइरहन्छ। वेदान्तीय अध्यास वा भ्रम निषेधात्मक निस्सार नभएर बोधात्मक तहमा उच्च चैतन्यबोधमा आधारित भएकाले यसको लक्ष शून्यमा पर्यवसान हुँदैन। यस प्रकारको प्रातिभासिक सत्ताका विषयमा आचार्य शङ्करको अद्वैत चिन्तन विशिष्ट मानिन्छ र यस चिन्तनले लेखनाथलाई पनि प्रभाव पारेको देखिन्छ।

**चित् र ईश्वर तत्त्व**

जीव र ईश्वर दुवै चिद् तत्त्व हुन्। *ऋतुविचार* खण्डकाव्यको उपमेयरूप प्रकृतिको द्रष्टा, भोक्ता आदिका रूपमा रहेको चिद्रूप जीवको र प्रकृति दुवैको शास्ता ईश्वरलाई मानिएको छ। संसारमा देखिने चेतनतत्त्व भनेको जीव वा आत्मा हो, यही आत्मतत्त्व नै जीवित तत्त्वका रूपमा सबैतिर व्याप्त छ। जस्तो :

हजारौँ मुख भै निस्के लतावृक्षादि हालमा
लयावस्था बिताएका जीव झैँ सृष्टि कालमा
आँकुरा, पिपिरा, साना, काइना, चिउला टुसा
निस्के झपक्क सर्वत्र साह्रै कलकलाउँदा

(वसन्तविचार, १७-१८)

यस काव्यांशमा लतावृक्षादिको अङ्कुरणलाई सृष्टिकालीन जीवको गतिसँग तुलना गरिएको छ। प्रलयपछि हुने सृष्टिमा जीव र प्रकृति दुई भिन्न तत्त्वको भूमिका रहेको देखिन्छ। लयावस्थामा पनि जीव वा चेतनतत्त्व सुषुप्त रूपमा रहेकै हुन्छ र त्यही अविनाशी तत्त्व नै पुनः प्रकृतिका छटामा देखिन्छ। आँकुरा, काइना, टुसादेखि तहतहका प्राणीमा व्याप्त जीव एउटै हो र त्यो ज्योतिरूप चेतनाले जडजङ्गमरूप प्रकृतिलाई चेतनाको ज्योति छर्ने हो भन्ने वेदान्ती विचार यहाँ प्रकट हुन पुगेको छ। जस्तो :

प्रत्येक वृक्षमा निस्क्यो पुष्पपल्लव माधुरी
संसार जीवको रागी वासन झैं थरीथरी

(वसन्तविचार, ५७)

जीव कर्मवासनाले बद्ध हुन्छ र विभिन्न कर्मसंस्कारले यो भिन्नभिन्न रूप, आकृति, वासन आदिमा विभक्त हुन्छ। त्यसो भए पनि लतावृक्ष, प्राणी आदिमा व्याप्त तत्त्व एउटै आत्मा हो । आत्मचैतन्यकै ज्योति सबैमा भासमान भएकाले ती जीवित छन्, र तिनको छटा पनि भिन्न रूपमा व्यक्त हुन्छ ।
प्रकृतिका दिव्य छटामा आत्मज्योति व्याप्त गर्ने मूल तत्त्व ईश्वर वा विधाता भएको कुरा लेखनाथले सकारेका छन्। कार्यरूप जगत्को वैविध्यमा पनि एउटै कारणको भूमिका रहेको कुरा विभिन्न साक्ष्यबाट बुझ्न सकिन्छ। जस्तो :

बेगिन्ती पुष्पका भेद बेगिन्ती रूप वासना
एकै प्रवाहमा चल्छन् धन्य हो विधि कल्पना

(वसन्तविचार, ३१)

लिई सौन्दर्य माधुर्य सौकुमार्य थपी वहाँ
पुष्पको सिर्जना गर्ने विधाता धन्य हो अहो

(वसन्तविचार, ३७)

संसारको प्रवाह एउटै ईश्वरबाट भएको छ। संसारमा नानारूप र नानाकर्मका जीवलाई सृष्टिप्रवाहमा प्रवाहित गर्ने शास्ता, नियन्ता वा व्यवस्थापकको भूमिकामा विधि, विधाता वा ईश्वर भएको वेदान्तीय चिन्तनले यहाँ प्रभाव पारेको देखिन्छ। संसारको सञ्चालन भौतिक नियमले भन्दा पनि परं चेतनाद्वारा नियन्त्रित भएको अध्यात्मकेन्द्री वैचारिक दृष्टिले लेखनाथलाई प्रभाव पारेको देखिन्छ।

यसरी हेर्दा चिदचित् र ईश्वरको तत्त्वत्रयात्मक रूप ब्रह्माण्ड वा प्रकृतिको स्थूल एवं सूक्ष्म दुवै रूप निरीक्षण गरेर यसको सांस्कृतिक एवं दार्शनिक विचारलाई लेखनाथले आफ्नो काव्यको स्रोत मानेको देखिन्छ।

**विद्या, अविद्या, बन्धन र मोक्ष**

वेदान्त दर्शनले समाजको विकासमा विद्या अर्थात् ज्ञानको महत्त्व र मोक्षलाई सर्वोपरि स्थान दिएको छ। अविद्यालाई बन्धनको कारण र मोक्षको बाधक तत्त्व मानिएको छ भने विद्यालाई अमरत्व प्रदान गर्ने तत्त्व मानिएको छ। यी विषय आपसमा सम्बन्धित भएकाले यहाँ यिनको सामान्य सिद्धान्त उल्लेख गर्दै एकै शीर्षकमा विश्लेषण गरिएको छ।

विद्यां चाविद्यां च यस्तद्वेदोभयं सह।
अविद्यया मृत्युं तीर्त्वा विद्ययामृतमश्नुते ॥

(ईशावास्योपनिषद्, ११)

जसले विद्या र अविद्या दुवैलाई एकैसाथ जान्दछ भने उसले अविद्याको बोधले मृत्युलाई जित्तछ र विद्याबाट अमृतत्व प्राप्त गर्दछ। गीतामा पनि 'न हि ज्ञानेन सदृशं पवित्रमिह विद्यते (.गीता, ४./३८..) भनेर ज्ञानलाई पवित्र वस्तु मानिएको छ। वास्तवमा चित्तत्त्व नै ज्ञानको अपरपर्याय हो। त्यसैले वैयाकरण पाणिनिले 'चिति संज्ञाने' धातुपाठ संज्ञानकै अर्थमा चित् धातु रहेको बताएका छन्। चेतनेतर जगत् ज्ञेय वस्तुका रूपमा रहेको र चेतन स्वयं ज्ञाता रहेको कुरा वेदान्त दर्शनका अनेक व्याख्याताहरूले बताएका छन्। अविद्याका कारणले नै अनात्ममा आत्माको बोध हुने भएकाले त्यही नै बन्धनको कारण बन्दछ भन्ने वेदान्तको मूल मर्म देखिन्छ। जब जीवले अविद्यालाई बुझेर विद्याका माध्यमबाट आफ्नो स्वरूप पहिचान गर्दछ अनि मोक्ष प्राप्त गर्दछ भन्ने वेदान्तीय विचारले लेखनाथ पौड्याललाई पनि प्रभाव पारेको देखिन्छ। जस्तो :

पर्दा वसन्तको दिव्य प्रभाव पृथिवी सब
विवेक ज्योतिले शुद्ध विद्यातुल्य बनिन् अब

(वसन्तविचार, १६)

कुइरामा कठै काग घुम्छन् अन्योलमा परी
मायाले मुक्तिको मार्ग बिर्सेका विषयी सरी

(हेमन्तविचार,३२)

यसमा प्राकरणिक विषय वसन्तको दिव्य प्रभावयुक्त पृथिवीको सौन्दर्य रहेको छ । यसलाई अतिरेक सौन्दर्यरूप वर्णन गर्नका निम्ति वेदान्त दर्शनले प्रतिपादन गरेको विद्यालाई अप्राकरणिक विषयका रूपमा प्रस्तुत गरिएको छ । वासन्तिक सुषमा र विवेक ज्योतिले आलोकित विद्याको उपमाले कवि पौड्याल समाजको सौन्दर्य ज्ञानद्वारा नै हुने विचार व्यञ्जित गर्दछन् । वासन्तिक छटाले धर्तीलाई उजिल्याए झैँ विवेकज्योतिले मानव वा समाजलाई उज्यालो बनाउने विचार वेदान्तदर्शनबाट प्रेरित देखिन्छ । दोस्रो पद्यमा पनि हेमन्तको कुहिरालाई अविद्याका रूपमा लिएर कागलाई भड्किएको जीवको सादृश्यमा प्रस्तुत गरिएको छ । प्रज्ञावान् समाजको चाहना गर्ने पौड्याल आधुनिक नेपाली समाजमा अविद्याको विनाश र विद्याको उदय भएको हेर्न चाहन्छन् । विद्या केवल बौद्धिक चातुर्य वा खेल होइन यो त विवेकको उदय गराउने तत्त्व हो त्यसैले हरेक ज्ञान वा विद्या विवेकसम्म पुग्नु पर्ने विचार यहाँ प्रकट भएको छ । झरीको दिन र अविद्या वा अज्ञानलाई एकै प्रकारको मानेर अविद्या अन्धकारको प्रतीक मानिएको छ र त्यसले समाजलाई उज्यालातर्फ लान सक्दैन । जस्तो ः

झरीले छोपिराखेका वर्षाका दिन छन् सब
अविद्याले अँठ्याएका जीवतुल्य गतप्रभ

(वर्षाविचार, ३८)

यहाँ कविको अभीष्ट वर्ण्य विषय वर्षाका दिन हुन् भने तिनलाई अविद्याग्रस्त जीवसँग उपमित गरिएको छ । हुस्सु, बादल, तुवाँलो जस्ता सूर्यकिरणका अवरोधक तत्त्वले उज्यालो छेकेजस्तै सांसारिक वासना, माया वा अविद्याले ढाकेका जीव पनि मुक्तिको प्रदीप्त ज्योतिबाट वञ्चित हुन्छन् । स्वस्वरूप पहिचान गर्न नसकेका वासनाबद्ध जीव आफ्नो मुमुक्षुरूप पहिचान गर्न सक्तैनन् । त्यसैले असारे दिन झैँ अँध्यारा देखिन्छन् । यहाँ मूलतः असारे दिनको वर्णन भए पनि अप्राकरणिक रूप उपमानद्वारा समाजको अज्ञानता व्यञ्जित हुन पुगेको छ ।

अविद्या नै विकासको बाधक हो र विद्याद्वारा नै सर्वाङ्गीण विकास हुने कुरामा पौड्याल सचेत देखिन्छन् । आधुनिक युग ज्ञान वा विद्याको युग हो भन्ने कुरा पनि उनले प्रकृतिकै उपमेयत्वबाट स्पष्ट गरेका छन् । जस्तो ः

निस्के घनघटा फोरी देखाई भरिलो छवि
अविद्या जाल तोडेको इलमी राष्ट्रझैँ रवि

(शरद्विचार, २)

वर्षाकालीन घनघटा (बादल) छिचोलेर सूर्योदय भएझैँ अज्ञानबाट मुक्त देश विकासको उज्यालोमा पुगेको विचार प्रकट भएको छ । विकासको आधार ज्ञान हो भन्ने चिन्तनलाई पुरस्कृत गर्ने प्रस्तुत पद्य अज्ञान वा असभ्यताबाट मानवलाई उच्च सभ्यता वा मुक्तितर्फ डोऱ्याउने विद्या ऋते ज्ञानान्नमुक्तिः भन्ने औपनिषदिक विचारबाट नै उत्प्रेरित देखिन्छ । विद्या केवल ब्यक्तिमा रहने विषयमात्र होइन त्यो त समाजको समग्र चेतनाको विषय पनि हो भन्ने पुनर्व्याख्या गर्दै लेखनाथले राष्ट्रको उन्नतिको मूल आधार विद्या हो भन्ने धारणामा जोड दिएका छन् ।

अविद्या नै बन्धनको कारण हो र विद्या नै मुक्तिको कारण हो भन्ने वेदान्तदर्शनका गहन विचारलाई

ऋतुविचारका विभिन्न ठाउँमा देख्न सकिन्छ । जस्तो :

पक्षी कठै ! पखेटाको तुषारो टकटक्याउन
चाहन्छन् काठ्ठिएका छन् सक्तैनन् फट्फटाउन

(हेमन्तविचार, ४५)

यसमा तुषाराले जकडिएका पक्षीको कारुणिक अवस्था वर्ण्य विषय भए पनि यसको अप्रस्तुत अभिव्यञ्जनामा बन्धनमा परेका जीवको वासनाबन्धन सङ्केतित छ । सुकृत कर्मद्वारा जन्मजन्मान्तरका वासना फ्याँक्न खोजे पनि जीव पखेटामा टाँसिएका तुषारोझैँ मुक्तिको उडानमा बाधक बनेको संस्काररूप तुषारो फ्याँक्न असमर्थ बनेको विचार प्रकट भएको छ ।

मानवको मुक्ति भनेको आफ्नै अविद्या, संस्कार, सामाजिक बन्धन आदिबाट नै हो । जब मानिस बाहिरी परिवेशसँगै आफ्नै रागादि अन्तरपरिवेशबाट आफूलाई मुक्त गर्न सक्तैन तबसम्म ऊ आफ्नो स्वरूपको अनुभूति गर्न सक्तैन । यस किसिमको चिन्तनलाई पनि कवि पौड्यालले यस काव्यमा प्रस्तुत गरेका छन् । जस्तो :

रूप रङ्गादिले शून्य सत्वशेष कुनै धन
जीवन्मुक्तसरी थाले हावामाफिक खेलन

(शरद्विचार, ८)

संसारका नाना रूप, रङ्ग आदिको रागबाट अलग भएको निस्पृह मुक्तपुरुष नै स्वतन्त्र हो । यस किसिमको स्वतन्त्रता मानिस स्वयंले सत्वसम्पन्न गुणबाट आर्जन गर्दछ भन्ने मान्यता यहाँ प्रकट भएको छ । मुक्त वा स्वतन्त्र व्यक्ति हावा झैँ यत्रतत्र घुमफिर गर्न सक्षम हुन्छ । यही स्वतन्त्रता नै मानव प्राप्ति हो र यही नै मोक्ष हो भन्ने चिन्तन यहाँ प्रकट भएको छ । यो एक प्रकारले मोक्षसम्बन्धी पुनर्व्याख्या पनि हो ।

**वेदान्त विचारको सान्दर्भिकता**

ऋतुविचार काव्य लेखनाथ पौड्यालको वैचारिक सङ्क्रमणको प्रथम प्रयाण हो । तत्कालीन समयमा नेपाली समाज अझ समग्र हिन्दू संस्कृतिमा नै एक प्रकारको विचलन आइरहेको देखिन्छ । आधुनिक शिक्षा र त्यसले निम्त्याएको पश्चिमी सभ्यताको नाममा पूर्वीय संस्कार, संस्कृति एवं आस्थामा प्रहार हुँदै गएकाले कवि पौड्यालले यस किसिमको परिस्थिति दर्साउन तथा पूर्वीय दर्शनको महिमा गायन गर्न वेदान्त विचारलाई अभिव्यञ्जित गरेका हुन् । दर्शनका गूढतम स्थापना र त्यसले पूर्वीय जनमानसमा प्राप्त गरेको आस्थालाई कलात्मक उद्रेखणका निम्ति उपमेय-उपमान, प्रस्तुत-अप्रस्तुत, प्राकरणिक-अप्राकरणिक, बिम्ब-प्रतिबिम्ब, व्यङ्ग्य-व्यञ्जक, अलङ्कार-अलङ्कार्य जस्ता अनेक कलात्मक युक्ति उपयोग गरिएको छ । कलाको आवरणमा आएको र बहुधा उपमानका रूपमा प्रस्तुत समाजका माध्यमबाट प्रकृतिका स्वभावलाई प्रकाशित गर्ने ध्येय प्रतीत भए पनि काव्यमा मूलतः अप्रस्तुत व्यञ्जना सामर्थ्य पनि उत्तिकै प्रभावकारी देखिन्छ । वाच्यवाचकको तिरोभवनमा भन्दा सहकार्य वा सहभावमा नै कवित्व प्रकट गर्ने पौड्यालले यस कृतिमा वेदान्त दर्शनका विचारलाई सामाजिक उत्थानका निम्ति उपयोग गरेका छन् । वेदान्त दर्शन पूर्वीय सभ्यताको वैचारिक आधारशिला भएकाले र यसमा सर्वसमन्वयवादी दृष्टिका साथै समतामूलक चिन्तन पाइने हुँदा कवि पौड्यालले नेपाली समाजलाई पतनबाट उन्नतितर्फ प्रेरित गर्न यसको उपयोग गरेको देखिन्छ । सबै प्राणीमा व्याप्त तत्त्वका आधारमा मानवमात्र नभएर चराचर जगत्मै एकत्व भाव जागृत गर्न प्रेरणा दिने वेदान्त दर्शनको वैचारिक पृष्ठभूमि विवेच्य काव्यमा उपयोग हुनु सान्दर्भिक देखिन्छ । वर्तमान समयमा उठेका पारिस्थितिक प्रणाली र पर्यावरणीय चेतनामा वेदान्तदर्शनका विचार अत्यन्त सान्दर्भिक

देखिन्छन् । मनुष्यको उच्च चेतनाले विश्वब्रह्माण्डमा व्याप्त तत्त्वमा आत्मभाव राख्नुपर्ने विचार दिने वेदान्तदर्शन सार्वकालिक मूल्यले युक्त छ । यसलाई उपयोग गरेर लेखनाथ पौड्यालले काव्यिक विचारलाई पनि सार्वकालिक मूल्य प्रदान गरेका छन् । नेपाली समाज र विश्व मानव समाजकै गति र दिशा हेर्दा शिक्षा र उच्च चेतनातर्फको यात्रालाई वेदान्तदर्शनले सम्बोधन गरेको हुँदा लेखनाथले त्यसलाई आत्मसात् गरेको देखिन्छ ।

**निष्कर्ष**

लेखनाथ पौड्यालले आफ्नो काव्ययात्राको प्रथम थालनीका रूपमा लेखेको *ऋतुविचार* कोषकाव्यात्मक ढाँचा अवलम्बन गर्ने खण्डकाव्यका रूपमा रहेको छ । यसमा वर्षचक्रका रूपमा देखिने षड्ऋतुलाई विषय बनाइएको छ तथापि यो समग्र भवचक्रलाई व्यञ्जित गर्ने काव्य हो । निरन्तर परिवर्तनशील संसारको स्वरूप, यसमा आवागमन गर्ने जीव, संसार र चेतनाको नियामक ईश्वर वा ब्रह्म, चेतन सत्ताको स्वस्वरूप बोध हुन नदिने अविद्या र अविद्याकै कारण हुने बन्धन जस्ता वेदान्तीय विचारलाई नै काव्यको वैचारिक पृष्ठभूमिको रूप दिइएको यस काव्यमा काव्यतत्त्व र दर्शनको सुन्दर योग हुन पुगेको छ । मनुष्य भौतिक जगत्मा रहेर पनि अभौतिक आत्मचैतन्यको अनुसन्धान गरेर स्वस्वरूपलाई प्राप्त गर्ने समर्थवान् उच्च प्राणी भएको गौरव पनि यहाँ व्यञ्जित भएको छ । प्रकृतिलाई उपमेयत्व परिकल्पना गरेर लेखिएको *ऋतुविचार* खण्डकाव्यमा उपमानभूत तत्त्व समाज, इतिहास, पुराण, दर्शन जस्ता बहुविध पक्ष रहेका छन् । यिनमा साङ्ख्य, न्याय आदि दर्शनको प्रभाव रहे पनि मानव सभ्यता, संस्कृति एवं विकासलाई हेर्ने दृष्टि भने वेदान्त दर्शनको जीव, ईश्वर र प्रकृति वा मायाकै मूल आधारबाट लिइएको देखिन्छ । भवचक्र अनादि र अनन्त भए पनि जीव आफ्ना कर्म र संस्कारलाई परिशोधन गर्दै एकदिन मोक्षको अधिकारी बन्न सक्छ भन्ने विचार यहाँ व्यञ्जित भएको देखिन्छ । सम्पूर्ण दृश्य प्रपञ्चरूप जगत्को मूल उत्स ब्रह्म भएको र अन्त्यमा पनि उही ब्रह्ममा नै चराचर जगत् लीन हुने वेदान्तको विचार विवेच्य काव्यमा व्यक्त भएको छ । दृश्य जगत्मा विविधता भासित भए पनि यसको मूल आद्यरूप एउटै भएको अद्वैत विचारलाई काव्यमा पुरस्कृत गरिएको छ । कवि लेखनाथ पौड्यालले प्रकृतिका विविध छटालाई उपमेय बनाएर जीव, ब्रह्म, माया, बन्धन, मोक्ष, वासना, विद्या, अविद्या जस्ता अनेक वेदान्तीय पक्षलाई उपमान एवं अप्रस्तुत विधानका रूपमा व्यक्त गरेका छन् । यसबाट मानव व्यक्तिदेखि समष्टि मानवका साथै मानवेतर प्राणी जगत् एवं स्थावरसमेतमा एउटै चैतन्यसत्ता भएको एकत्व दृष्टि व्यञ्जित भएको र ती सबैमा समभाव राख्नुपर्ने उदात्त आत्मवादी विचार प्रकट हुन पुगेको छ । प्रकृतिका पर्दामा ऋतुचक्र घुमे जस्तै सबै चैतन्यमा आरोपित उपाधिहरू पनि परिवर्तनशील भएको विचार पनि यहाँ अभिव्यञ्जित भएको छ ।

**सन्दर्भ सामग्रीसूची**

ईशावास्योपनिषद् (२०६०), *ईशादि नौ उपनिषद्*, द्वितीय संस्करण, गोरखपुर : गीताप्रेस ।
पौड्याल, लेखनाथ (२०६६), *ऋतुविचार*, चौबीसौँ संस्करण, ललितपुर : साझा प्रकाशन ।
मुण्डकोपनिषद् (२०६०), *ईशादि नौ उपनिषद्*, द्वितीय संस्करण, गोरखपुर : गीताप्रेस ।
व्यास (२०७१), *श्रीमद्भागवत महापुराण*, एक्काइसौँ संस्करण, गोरखपुर : गीताप्रेस ।
व्यास (इ. २०११), *श्रीमद्भगवद्गीता*, गोरखपुर : गीता प्रेस ।
शर्मा, श्रीराम (२००५), सम्पा., *ऋग्वेद संहिता*, हरिद्वार : बह्मवर्चस् ।
*शुक्लयजुर्वेदमाध्यन्दिनीयसंहिता* (उल्लेख नभएको), वाराणसी : बम्बई पुस्तक भवन ।
श्वेताश्वतरोपनिषद् (२०६०), *ईशादि नौ उपनिषद्*, द्वितीय संस्करण, गोरखपुर : गीताप्रेस ।
श्रीनिवासाचार्य (२०३३), *यतीन्द्रमतदीपिका*, वृन्दावन : श्रीरङ्गजी मन्दिर ।